आ व २०७८।७९ को प्रथम बैटक

आज मिति २०७८।०४।२८ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी राप्ती गाउँकार्यपालिका
उपाध्यक्ष श्री जगदम्बा कुमारी चौधरी राप्ती गाउँकार्यपालिका
सदस्य श्री टेक बहादुर कुमाल राप्ती गाउँकार्यपालिका
सदस्य श्री बेद प्रसाद चौधरी राप्ती गाउँकार्यपालिका
सदस्य श्री विष्णु बहादुर घर्ति क्षेत्री राप्ती गाउँकार्यपालिका
सदस्य श्री कुंवारी देवी कार्की राप्ती गाउँकार्यपालिका
सदस्य श्री जगत बहादुर थापा राप्ती गाउँकार्यपालिका
सदस्य श्री विष्णु गुरुङ राप्ती गाउँकार्यपालिका
सदस्य श्री तारा बहादुर डिसी राप्ती गाउँकार्यपालिका
सदस्य श्री गोकर्ण बहादुर राना मगर राप्ती गाउँकार्यपालिका
सदस्य श्री गोवर्द्धन रावत राप्ती गाउँकार्यपालिका
सदस्य श्री विद्याशरण चौधरी राप्ती गाउँकार्यपालिका
सदस्य श्री सुनिता मल्ल राप्ती गाउँकार्यपालिका
सदस्य श्री चन्दर चौधरी राप्ती गाउँकार्यपालिका
सदस्य श्री रिम बहादुर सुनारी मगर राप्ती गाउँकार्यपालिका
सदस्य श्री संजिव परियार राप्ती गाउँकार्यपालिका
सदस्य सचिव श्री शोभाराम रिजाल राप्ती गाउँकार्यपालिका
सदस्य श्री तारा कुमारी चौधरी का.पा.स.

आमन्त्रित

श्री महेश अधिकारी कृषि विकास अधिकृत
श्री धन प्रसाद शर्मा लेखा अधिकृत
श्री नारायण रावत स्वास्थ्य शाखा संयोजक
श्री विकास ज्ञवाली अधिकृत
श्री अशोक बेल्वासे ईन्जिनियर

राप्ती गाउँपालिका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षतामा मिति २०७८।४।२८ गते बसेको आ.व. ०७८।०७९ को प्रथम कार्यपालिका बैठकका निर्णयहरु

१. राप्ती गाउँपालिकाको आ.व. २०७७।०७८ को वित्तिय खर्च प्रतिवेदन अनुमोदन गर्ने ।

२. राप्ती गाउँपालिकाको आ.व. ०७७।०७८ को पालिका स्तरीय दररेट स्विकृत गर्ने ।

३. राप्ती गाउँपालिकाको आ.व. ०७७।७८ को वार्षिक समिक्षा कार्यक्रम २०७८ भदौ १० गते गर्ने ।

४. राप्ती गाउँपालिकामा कार्यरत घर भाडामा लिई बस्ने कर्मचारीहरुको हकमा संयुक्त आवासको व्यवस्था गर्ने र उक्त आवासमा भन्दा बाहिर रहेका कोठा भाडामा लिई बस्नुपर्ने कर्मचारीहरुको हकमा सम्वन्धित घर धनी र राप्ती गाउँपालिकाको कार्यालयको सम्झौताका आधारमा प्रति कर्मचारी प्रति महिना अधिकतम रु ३०००/- उपलब्ध गराउने ।

५: राप्ती गाउँपालिका भित्रका बालबालिकाको अवस्था विश्लेषण गरी बालबालिका सम्वन्धी कार्यविधि निर्माण गर्ने ।

६. राप्ती गाउँपालिकामा करार सेवामा (स्वास्थ्य सेवामा समेत) कार्यरत कर्मचारीलाई नियमानुसारको प्रसुती बिदा प्रदान गर्ने ।

७. राप्ती गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीको कार्य सम्पादन मूल्यांकनको आधारमा सम्झौता नविकरण गर्ने ।

८. घर नक्सा अभिलेखिकरणका लागी २०७६ पुस मसान्त भित्र राप्ती गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा दर्ता भएकाहरुको हकमा २०७८ असोज मसान्त भित्र अभिलेखिकरण गर्न आएमा जरिवाना नलिने तथा राजश्वमा ५० प्रतिशत छुट दिने ।

९.सिसहनिया तथा लालमटिया स्वास्थ्य चौकिको हकमा सम्वन्धित व्यवस्थापन समितिहरुलाई आर्थिक प्रतिवेदन पेश गर्न लगाई सम्वन्धित संस्थाको वित्तीय अवस्था मध्यनजर गरी व्यवस्थापन समितिलाई उचित व्यवस्थापन अनुदान प्रदान गर्ने । साथै उक्त स्वास्थ्य संस्थाहरुको सुद्धढिकरणका लागी श्रोतको सुनिश्चित गरि नयाँ एम्बुलेन्स खरिद प्रकृया अगाडी बढाउने ।

१०. राप्ती गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने कार्यविधि २०७४ बमोजिम मौलाकालिका कन्ट्रक्सन प्रा.लि. राप्ती गाउँपालिका २ लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

११. राप्ती गाउँपालिकाको कार्यालयमा समायोजन संशोधन भई आउनु भएका कर्मचारीद्वय स.म.वि.नि. कल्पना खनाल र खा.पा.स.टे बिस्ना मिरीलाई क्रमशः प्रशासन सेवाको कामकाज समेत गर्ने र असिस्टेन्ट सव इन्जिनियरको रुपमा कामकाज गर्ने/गराउने गरी पदस्थापना गराई पारिश्रमिक उपलब्ध गराउने ।

निर्णय प्रमाणित गर्दछु ।